# जुठी कवितामा दलितचेतना

**अमृतादेवी शर्मा**
(उपप्राध्यापक)
नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
**इमेल :** amritaregmi99@gmail.com
**अर्किड आइडि नं :** https://orcid.org/0009-0009-4507-9203
मोबाइल नं. ९८५११७३८९२
**Received Date:** October 22, 2024; **Reviewed Date:** Nov. 23, 2024
**Accepted Date:** Dec. 25, 2024

## लेखसार

*प्रस्तुत लेखमा पञ्चकुमारी परियारको कवितासङ्ग्रहमा सङ्गृहीत जुठी कवितामा अभिव्यक्त दलितचेतनाको विश्लेषण गरिएको छ । यस कवितामा नेपाली वर्णव्यवस्थामा आधारित अर्थसंरचनाले दलितहरूमाथि गरेको शोषण, दमन र उत्पीडनको सन्दर्भलाई प्रस्तुत गर्दै त्यसका विरुद्ध दलित पात्र जुठीमा जागृत अधिकारको चेतना प्रस्तुत भएको छ । यस क्रममा कवितामा अभिव्यक्त दलितचेतनाको अध्ययनका लागि दलित सौन्दर्यचिन्तनले प्रस्तुत गरेका दलित समस्या, यसको कारण र मुक्तिसम्बन्धी चिन्तनलाई सैद्धान्तिक ढाँचाका रूपमा उपयोग गरिएको छ । यसको सामग्री विश्लेषण गुणात्मक पद्धतिमा आधारित छ र त्यसका लागि र पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । यसका लागि प्राथमिक र द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । यसक्रममा पूर्वकार्यको अध्ययनद्वारा सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ । यसका लागि सामाजिक-आर्थिक सन्दर्भमा कवितामा प्रस्तुत दलितसौन्दर्यसम्बन्धी तथ्यहरूको पहिचान एवं विश्लेषण गरिएको छ । यस कवितामा सोपानक्रमिक जातव्यवस्था र त्यसमार्फत गरिएको शोषण, दमन र उत्पीडनका अवस्थालाई देखाउँदै यसबाट मुक्तिको आकाङ्क्षा व्यक्त भएको छ । कवितामा पश्चिम नेपालको डुँढेझारीमा दलितहरूमाथि भएको शोषण, दमन र उत्पीडनको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ निम्नवर्गीय, निम्नजातीय जनतामाथिको दमन र उत्पीडन राज्यव्यवस्थाबाट व्यवस्थित गरिएको छ भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ दमाइ जातकी पात्र जुठीकी छोरीलाई बलात्कारपछि हत्या गरिएको, आफ्नो मानवीय अधिकारका लागि आवाज उठाएको उसको छोरालाई राज्यद्वारा हत्या गरिएको सन्दर्भमार्फत दलितहरूमाथि भएका शोषण, दमन र उत्पीडनलाई देखाउनाका साथै उत्पीडितहरूमा जागृत विद्रोहको चेतना पनि प्रस्तुत भएको छ । कवितामा वर्णसंरचनामा आधारित जातीय व्यवस्थामार्फत निम्नवर्गीय दलितहरूमाथि भएको उत्पीडनलाई मूलतः आर्थिक आधारमा गरिएको शोषणको परिणतिका रूपमा चित्रण गरिएको र जातीय उत्पीडनको अन्त्यका लागि वर्गमुक्तिको अनिवार्यतालाई देखाइएकाले यो कविता दलितचेतनाका दृष्टिले सशक्त छ भन्ने निष्कर्ष निकालिएको छ ।*

शब्दकुञ्जीः उत्पीडान, दलित समस्या, वर्णवादी, वर्णव्यवस्था, सांस्कृतिक उत्पीडन ।

## विषयपरिचय

प्रस्तुत अध्ययनको उद्देश्य पञ्चकुमारी परियारद्वारा लिखित जुठीकवितामा अभिव्यक्त दलितचेतनाको अध्ययन गर्नु रहेको छ । पञ्चकुमारी परियार नेपाली समाजका समाजका विविध विषयलाई

द्वन्द्वात्मक भौतिकवादी दृष्टिबाट विश्लेषण गर्ने कवि हुन् । उनी वर्तमानमा कवितालेखनमा सक्रिय छिन् । उनका *सपना र आँखाहरू* (२०६२) र *जुठी* (२०७०) कवितासङ्ग्रह प्रकाशित छन् । *जुठी* कवितासङ्ग्रहमा बयालिस ओटा कविता सङ्गृहीत छन् । यी कवितामा नेपाली समाजका वर्गीय, क्षेत्रीय, लिङ्गीय, जातीयलगायत विविध विभेदका कारण सिर्जित असमान परिवेश र त्यसले निम्त्याएका जटिलतालाई देखाउँदै ती विभेदविरुद्ध सङ्घर्षको चेतना प्रस्तुत भएको देखिन्छ । प्रस्तुत अध्ययनमा *जुठी* कवितासङ्ग्रहमा रहेको शीर्षकविता जुठीलाई दलितसौन्दर्यका कोणबाट विश्लेषण गरिएको छ । गद्यलयका चौसट्ठी ओटा पङ्क्तिमा संरचित यस कवितामा वर्णवादी नेपाली समाजमा रहेको कथित उपल्लो जात र तल्लो जातबिचको श्रेणीक्रममा आधारित सम्बन्धले निम्नवर्गीय निम्नजातीय महिलापात्र जुठीका जीवनमा पारेको नकारात्मक असरलाई चित्रण गरिएको छ । यस कवितामा दलित पात्र जुठीमाथिको उत्पीडन र उसले भागेका प्रताडनाका अनुभूतिका माध्यमबाट वर्तमान पुँजीवादी समाजव्यवस्थाभित्र पनि कायमै रहेको सोपानक्रमिक वर्णव्यवस्था र त्यसमार्फत गरिएको शोषण, दमन र उत्पीडनका अवस्थालाई देखाइएको छ । यस कवितामा गणतन्त्रको स्थापना भए पनि फेरिन नसकेको नेपाली समाजको जातीय उत्पीडनको स्वरूप र त्यसले दलितहरूका जीवनमा पारेको असैह्य पीडालाई प्रस्तुत गरिएको छ । यस कवितामा निम्नवर्गीय, निम्नजातीय जनतामाथिको दमन र उत्पीडन राज्यव्यवस्थाबाट व्यवस्थित गरिएको छ भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ दमाइ जातकी पात्र जुठीकी छोरीलाई बलात्कारपछि हत्या गरिएको, आफ्नो मानवीय अधिकारका लागि आवाज उठाएको उसको छोरालाई राज्यद्वारा हत्या गरिएको सन्दर्भमार्फत दलितहरूमाथि भएका शोषण, दमन र उत्पीडनलाई देखाइएको छ । यहाँ शोषण, दमन र उत्पीडनले सीमा नाघेपछि जुठीमा जागृत विद्रोहको चेतना पनि प्रस्तुत भएको छ । यस कवितामा वर्णवादी सामाजिक संरचना आर्थिक आधारमा निर्मित व्यवस्था भएको र दलितमाथिको उत्पीडनको मूल आधार आर्थिक शोषण भएको चिन्तन प्रस्तुत गरिएको छ । यस कवितामा दलितसमस्यालाई वर्गीय समस्याका रूपमा चित्रण गरिएको छ ।

दलितचेतना वर्णवादी व्यवस्थाभित्र मानवमानवबिच निर्धारण गरिने जातिगत सोपानक्रममा अछुत जातका रूपमा स्तरीकृत गरिएका दलित जनताको मुक्तिको चेतना हो । यो जातीय आधारमा निर्मित छुवाछुत व्यवस्थाका कारणले शोषित, दमित र उत्पीडित दलितका मानवीय अधिकारको खोजीको चेतना हो । जातव्यवस्था सामन्तवादी उत्पादनव्यवस्थाले निर्मित, विकसित र परिपोषित गरेको अर्थराजनीतिक व्यवस्था हो र यसले श्रमविभाजनमार्फत गरिएको श्रमशोषणको प्रक्रियालाई व्यवस्थित गर्न वर्णव्यवस्थाको स्थापना गरी मानवलाई उत्पीडत तुल्याएको छ भन्ने चेतना दलितचेतना हो । दलितचेतनाले दलितहरूको श्रमशक्ति, उनीहरूको आर्थिक अधिकारलगायत समग्र मानवीय मूल्यमाथि सामन्तवादी नियन्त्रण रहेको हुन्छ भन्ने चिन्तन प्रस्तुत गर्दछ । नेपाली समाजमा रहेको जातीय विभेदले सिर्जना गरेको आर्थिक, सामाजिक समस्या र त्यसका विरुद्ध दलित पात्र जुठीमा उब्जिएको विद्रोहको चेतना नै यस कविताको भावभूमि हो । प्रस्तुत अनुसन्धानमा जुठीकवितामा दलितसमस्याका सन्दर्भमा केकस्ता दृष्टिकोण प्रस्तुत भएका छन् र यसको कारणका रूपमा कुन संरचना वा तत्त्वलाई लिइएको छ भन्ने प्रमुख जिज्ञासा राखी त्यसको प्राज्ञिक समाधान

गर्ने उद्देश्य राखिएको छ । यस कवितामा प्रयुक्त दलितचेतनाको अध्ययनबाट वर्तमान पुँजीवादी समाजमा पनि सामन्तवाद र पुँजीवादको आपसी मेलमा भइरहेको दलितहरूमाथिको अमानवीय उत्पीडनको अध्ययनका साथै त्यसका कारण र परिणतिको पनि विश्लेण हुन्छ । यसबाट नेपाली समाजको उत्पादनव्यवस्था र यहाँको जातीय उत्पीडनबिचको अन्तर्सम्बन्धलाई विश्लेषण गर्ने साथै नेपाली समाजको विभेदकारी वर्णव्यवस्थालाई हेर्ने सम्बन्धलाई हेर्ने कविका विचारधाराको पनि अध्ययन हुने भएकाले यो अध्ययन औचित्यपूर्ण छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका निम्ति निर्धारित उद्देश्य पूरा गर्न पञ्चकुमारी परियारको जुठीकवितामा व्यक्त भएको दलितचेतनासँग सम्बन्धित विषय, अनुभूति र चिन्तनलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलनगरिएका सामग्रीबाट प्राप्त भएका तथ्यको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका लागि दलित सौन्दर्यशास्त्रले प्रस्तुत गरेका दलितचेतनासम्बन्धी मान्यता र यस मान्यताको विश्लेषण गरिएका अन्य सैद्धान्तिक र प्रायोगिक ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा सङ्कलनगरिएको छ । यी सामग्रीको उपयोग गरी जुठीकवितामा अन्तर्निहित दलितचेतनाको विश्लेषणका लागि दलितसमस्या, दलितसमस्याका कारण र दलितमुक्तिचेतना जस्ता पर्याधारहरूको निर्माण गरिएको छ र पाठविश्लेषण विधिबाट अर्थापन गरिएको छ ।

## दलितचेतनाको सैद्धान्तिक आधार

'दलित' आर्थिक, सांस्कृतिक र राजनीतिक अवस्थाको नाम हो । यो शब्द समाजका पिँधमा रहेको वर्गीय रूपमा श्रमिक, सांस्कृतिक रूपमा बहिस्कृत र पानी अचलसमेत बनाइएका जातहरूको साझा परिचयका रूपमा प्रयोग हुँदै आएको शब्द हो (आहुति, २०७७, पृ. ३५) । यसले आर्थिक रूपमा शोषित र राजनीतिक रूपमा उपेक्षित जातहरूको साझा परिचय बहन गरेको छ । यो शब्द कुनै उत्पीडक समुदायले हेपेर, अपमान गरेर वा षड्यन्त्र गरेर दलितलाई दिएको नभई भारत र नेपालको दलित आन्दोलनले आफ्नो मुक्तिको सङ्घर्षचलाउने क्रममा आफैले निर्माण गरेको गौरवमय परिचय हो (आहुति, २०७७, पृ. ३७) । दलित शब्दले अछुत बनाइएका मानवहरूको अधिकारबोध, विद्रोह र मुक्तिको चेतनासमेतलाई सम्बोधन गर्दछ । यसले व्यापक अर्थबोधको अभिव्यञ्जना दिन्छ । नेपाल, भारतलगायतका समाजमा जसलाई अस्पृश्य मानिन्छ त्यो नै दलित हो (वाल्मीकि, सन् २०२३, पृ. १) । दलित शब्दले ऐतिहासिक रूपमा छुवाछुत, भेदभाव र सामाजिक बहिस्कारको सिकार भएका समुदायलाई जनाउँछ । दलित सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक सबै दृष्टिले दमित हुनु र समाजको पिँधमा रहन बाध्य हुनु हो (अर्याल, २०७९, पृ. २०३) । यसरी हेर्दा दलित सबै दृष्टिले दमित र उत्पीडित मानव समुदाय हो । आफूमाथि भएको जातव्यवस्थाजन्य अत्याचारविरुद्ध मानसिक र भौतिक रूपमा विद्रोह गरेको अवस्थाबाट एउटा अछुत दलितमा रूपान्तरण हुन्छ (आहुति, २०७०, पृ. ३७) । दलितचेतना वर्णवादी व्यवस्थाभित्र मानवमानवबिच निर्धारण गरिएको जातिगत सोपानक्रममा अछुत जातका रूपमा स्तरीकृत गरिएका दलितहरूको

अधिकारबोध, त्यसका लागि विद्रोह र मुक्तिको चेतना हो । दलितचेतना त्यो चेतना हो जसले मानवीय अधिकारको खोजी गर्दै उनीहरूलाई सामाजिक अन्यायसित सङ्घर्ष गर्ने अटुट उर्जा प्रदान गर्दछ (लामा, सन् २०१७, पृ. १५८) । यो जातीय आधारमा निर्मित छुवाछुत व्यवस्थाका कारणले शोषित, दमित र उत्पीडित मानिसको मानवीय अधिकारको खोजीको चेतना हो । जातव्यवस्था सामन्तवादी उत्पादनव्यवस्थाले निर्मित, विकसित र परिपोषित गरेको अर्थराजनीतिक व्यवस्था हो । यसले श्रमविभाजनमार्फत गरिएको श्रमशोषणको प्रक्रियालाई व्यवस्थित गर्न जातव्यवस्थाको स्थापना गरी मानवमानवबिच विभेद कायम गरेको छ । यसले भौतिक श्रमलाई कमसल ठान्छ भने भौतिक श्रम गर्ने विशाल जनसङ्ख्यालाई समाजको वास्तविक चालक ठान्दैन । यसले सबै मानिसका बिचमा कुनै न कुनै उचनिच वा भेदभाव खडा गरी  उनीहरूबिच अनन्त फुट सिर्जना गर्ने गर्दछ ( आहुति, २०७७, पृ.३३) । यसले धर्म र संस्कृतिका नाममा मानव मानवबिच सीमारेखा कोर्ने मानवविरोधी काम गर्दछ ।

दलितसाहित्य उत्पीडित जातिका रूपमा रहेका दलितहरूमाथिको बाह्मणवादी दलन, दमन, शोषण र उत्पीडनका विरुद्ध प्रतिबद्ध साहित्य हो । दलितहरूको प्रतिष्ठा, सम्मान र अस्मिताका साथै शिक्षा, सङ्घर्षर सङ्गठन, वैज्ञानिक तार्किक सोचजस्ता सबै मुद्दा मनुष्यताका आवश्यक सर्त हुन् जसलाई दलित साहित्यले उठाउँछ (वाल्मीकि, सन् २००४, पृ. २२) ।  सामाजिक व्यवस्था र विषमताका विरुद्ध आन्दोलन खडा गरेर एउटा नयाँ समाजको निर्माण गर्नु नै दलितसाहित्यको उद्देश्य हो । यसको उद्देश्य दलित समुदायमा जागृति फैलाएर उनीहरूलाई अन्यायका विरुद्ध सङ्घर्षगर्न प्रेरित गर्नु नै हो (अहमद, सन् २००८, पृ. ५३) । यसरी हेर्दा यो विद्रोहको साहित्य हो । दलितले भोग्दै आएका जातीय विभेद, शोषण, उत्पीडन र अमानवीय व्यवहारका विरुद्ध प्रतिरोधको आवाज उठाइएको साहित्य नै दलितसाहित्य हो (श्रेष्ठ, २०८१, पृ. ५१) । दलितसाहित्यको रचना दलितहरूबाट मात्र सम्भव छ या अन्यले पनि दलितसाहित्यको सिर्जना सक्छ भन्ने सन्दर्भमा चिन्तकहरूले आआफ्ना धारणा राखेका छन् । दलितसाहित्यको रचना दलितहरूबाट मात्र सम्भव छ भन्ने दृष्टिकोण पनि रहेको छ र यो तर्क उत्तिकै महत्त्वपूर्ण र बलियो छ । धर्मवीरले साहित्यको त्यो परिभाषा एकदम खतरनाक छ जसमा गैरदलित पनि दलित साहित्यको रचना गर्न सक्छ भन्ने मान्यता राखिन्छ (सन् १९९०, पृ. ३८) भन्ने मान्यता राख्दै गैरदलितले दलित साहित्य सिर्जना गर्न नसक्ने तर्क पेस गरेका छन् । सम्पूर्ण सहानुभूति, करुणा, सहृदयता र परकाया प्रवेशको कला भएर पनि गैरदलितहरूले दलितका बारेमा लेखेको साहित्यमा कला जतिसुकै भएपनि कुनै दलितद्वारा आफ्नो समुदायका बारेमा स्वानुभूतिको पुनर्रचनाबाट उत्पन्न साहित्यमा भएजस्तो अनुभवको प्रमाणिकता हुँदैन (पाण्डेय,  सन् १९९८, पृ.२८७) । गैरदलितहरूका लागि दलितउत्पीडन स्वानुभूतिको नभएर अनुमानको विषय भएकाले उनीहरूबाट सिर्जित साहित्यमा अनुभवको प्रामाणिकता नहुनु स्वाभाविक नै हो । नेपाली चिन्तक आहुतिले भने गैरदलितहरूबाट पनि सचेत भएर दलितसाहित्य सिर्जना भने गर्न सकिन्छ भन्ने विषयलाई उठाएका छन् । उनले दलितहरूबारे साहित्य र अन्य खालका रचना गरिरहेका सबै दलित र गैरदलितहरूले दलितसाहित्यको सौन्दर्यशास्त्रबारे सैद्धान्तिक विश्लेषण गर्नुपर्ने र दलितसाहित्यको धारालाई समाजवादी दृष्टिकोणसँग

जोड्नुपर्ने जनाएका छन् । उनले दलितसाहित्यको धारालाई आलोचनात्मक दृष्टिकोणबाट माथि उठाई समाजवादी यथार्थतिर उकास्नु आजको आवश्यकता भएको दृष्टिको अगाडि सारेका छन् ( आहुति, २०७७, पृ. १६५-१६६) । उनको यस भनाइले दलितसाहित्यले शोषक वर्गका विरुद्ध आफ्ना अधिकारहरूका लागि सङ्घर्षगर्दै समाजमा समानता र स्वतन्त्रताको स्थापनामा जोड दिनुपर्छ भन्ने चिन्तन प्रस्तुत गरेको छ ।

दलितचेतना मानवमुक्तिको चिन्तन प्रस्तुत गर्ने रूपान्तरणकारी चेतना हो । यसले मानवता र विश्वबन्धुत्वको कामना गर्दै मानवमानवबिच विभेद कायम गर्ने सबै प्रकारका व्यवस्थाको अन्त्य हुनुपर्छ भन्ने चिन्तन प्रस्तुत गर्दछ । मानवमानवबिच जातीय आधारमा हुने शोषण र दमनको अन्त्य गर्न दलितमुक्तिको आन्दोलन वर्गमुक्ति आन्दोलनको एक भाग हुन्छ भन्ने मान्यता दलित सौन्दर्यचिन्तनको आधार हो । यसरी दलित सौन्दर्यशास्त्र दलितलाई मुक्तिको मार्गमा डोऱ्याउने सारथी भएकाले यसको मूल्यबोध वर्गमुक्तिको मूल्यबोधसँग जोडिएको छ (ढकाल, २०६४, पृ. ७५) । विद्रोही चेतना दलितसौन्दर्यको मूल आधार हो । समाजमा भएका सबै प्रकारका विभेदको अन्त्य विद्रोह र प्रतिरोधबाट मात्र सम्भव हुन्छ भन्ने दर्शनलाई यसले आधार बनाएको हुन्छ ।

दलित सौन्दर्यचिन्तनले रूप पक्षलाई भन्दा सारलाई महत्त्व दिन्छ । दलित सौन्दर्यशास्त्रको स्वरूप पारम्परिक सौन्दर्यशास्त्रभन्दा भिन्न छ (वाल्मीकि, सन् २०२३, पृ. ५१) । दलितसाहित्य केवल दलितवर्गको मुक्तिका लागि स्वयं पीडित वर्ग नै अग्रसर हुने र आफ्नो वर्ग वा जातिको उत्थानका लागि सङ्घर्षगर्नुपर्छ भन्ने उद्देश्यका साथ सिर्जना गरिन्छ । समस्त शोषित उत्पीडित वर्ग र समुदायभित्रको एउटा अंश भएकाले यसको सौन्दर्यशास्त्र समस्त शोषित उत्पीडित वर्ग र समुदायको मूल सौन्दर्यशास्त्र अर्थात् मार्क्सवादी सौन्दर्यशास्त्रको एउटा अङ्ग मात्र हुन्छ ( आहुति, २०७७, पृ. १७०) । यसरी हेर्दा दलितसौन्दर्य समाजमा आर्थिक शोषणको मियोका रूपमा जडा गाडेर बसेको ब्राह्मणवादी सांस्कृतिक परम्परालाई ध्वस्त गर्ने प्रतिबद्ध सौन्दर्यचिन्तन हो । यसले जातीय शोषण र वर्गीय शोषणलाई एउटै स्वरूप मान्दै जातीय र वर्गीय मुक्तिआन्दोलनलाई एकीकृत रूपमा चलाउनुपर्ने र त्यसैमार्फत सामाजिक रूपान्तरण सम्भव हुने मान्यता राख्दछ ।

## दलितसमस्या

जातव्यवस्थाको दर्शन, अर्थव्यवस्था, राजनीति र संस्कृतिको मानवविरोधी धार नै दलित समस्याको कारण हो । दलितपनाको निर्माण खास उत्पादनपद्धति र जीविकोपार्जन पद्धतिअन्तर्गत, खास सामाजिक व्यवस्थाअन्तर्गत अनि खास जातीय, वर्गीय, कुल खानदान परिवार व्यवस्थाअन्तर्गत भएको हो (मिश्र, २०७१, पृ. १७) । यो समाजका सबै नागरिकले निर्माण गरेको संरचना र प्रक्रिया हो । जुठीकविताले जातव्यवस्थाका कारण समाजको सबैभन्दा पिँधमा राखेर अमानवीय पीडा, दमन र उत्पीडनमा पारिएका दलितहरूका आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक समस्यालाई प्रस्तुत गरेको छ । यस कविताको अन्त्यमा २०६६ साल मंसिर २० गते कैलालीको डुढेभ्फारीमा सरकारद्वारा बल प्रयोग गरी मारिएका सुकुम्बासीको सम्भ्फनामा लेखिएको भनिएको (परियार, २०७०,

पृ. ५३) सन्दर्भले यो कविता नेपालका सबैजसो जिल्लामा बसोबास गर्ने दलितहरूमाथिका उत्पीडनको प्रतिनिधि यथार्थ भएको पुष्टि गर्दछ । नेपाली समाज वर्णव्यवस्थामा आधारित अर्थराजनीतिसहितको समाज भएको र यहाँ सबैभन्दा उत्पीडित दलितहरू नै रहेको सन्दर्भ कवितामार्फत प्रस्तुत भएको छ । यस कवितामा 'थाङ्ना तुन्दातुन्दै' जीवन व्यतीत गरेकी जुठीको पीडादायी जीवनभोगाइलाई प्रस्तुत गरिएको छ । कवितामा जीवनभर प्रताडना र अभाव मात्र खेपेकी जुठीकी छोरीको बलात्कारपछि हत्या भएको तर त्यसका अपराधीले कुनै सजाय नपाएको अवस्थाका साथै अधिकारको माग गर्दागर्दै राज्यका तर्फबाट छोराको हत्या भएको र उसलाई पागल बनाइएको सन्दर्भले नेपालमा व्यवस्था फेरिए पनि उत्पीडितहरूको अवस्था फेरिएको छैन भन्ने तथ्यलाई प्रस्तुत गरेका छन् । यहाँ जुठीको जीवनयथार्थमार्फत समग्र नेपाली समाजको दलितसमस्याको उठान गरिएको छ । यस कवितामा दलित पात्रले जीवननिर्वाहका लागि गर्नुपरेको समस्याको चित्रणका साथै त्यसको कारणलाई पनि स्पष्ट पारिएको छ ।

## आर्थिक समस्या

दलितहरूमाथिको उत्पीडनको प्रमुख आधार आर्थिक शोषण नै हो । आर्थिक आधार वा जमिनमा दलितको स्वामित्व कायम नभएसम्म, सीप प्रवर्द्धन र वैकल्पिक रोजगारको व्यवस्था नभएसम्म, पेसा फेर्न सक्ने सांस्कृतिक वातावरण नभएसम्म दलितको जीवनमा आधारभूत परिवर्तन हुन नसक्ने प्रस्टै छ (आहुति, २०७१, पृ. ९१) । जुठी कवितामा आर्थिक उत्पीडन नै दलितहरूमाथिको आधारभूत उत्पीडन हो भन्ने विचार प्रस्तुत गरिएको छ । यस कवितामा दिनरात काम गर्दा पनि छाक टार्नका आजीवन सङ्घर्षगरिरहनुपरेको अवस्थाको चित्रण छ । यतिले पनि नपुगेर दलित पात्र जुठीले ससाना सन्तानलाई साहुका घर गोठालो राख्नुपर्ने अवस्था आएको छ । कवितामा जुठीले छोराछोरीको छाक टार्न साहुका घरमा नोकरका रूपमा काम गरेकी छ तर आफू भोकभोकै बसेकी छ । दिनरात श्रममा खटिँदा पनि जीवननिर्वाहका साधन नभएर दयनीय बनेको उसको अवस्थालाई कवितामा यसप्रकार चित्रण गरिएको छ :

> लाजलाई छोप्न धौधौ परेको
> मेरो फरिया र चोली
> मयलले कट्कटिएको
> निरीह हाडछाला
> मेरो पहिचान भन्नु यत्ति न हो
> म जुठी । (*जुठी,* २०७७, पृ. ५१) ।

उपर्युक्त कवितांशमा निम्नवर्गीय जुठीको अवस्था र स्थितिको चित्रणबाट उसको प्रमुख समस्या आर्थिक समस्या नै हो भन्ने स्पष्ट देखिन्छ । यहाँ ऊ गाँस, बास र कपासको आधारभूत आवश्यकता परिपूर्ति गर्नबाट वञ्चित देखिन्छे । उसलाई आफ्नो शरीर छोप्न पनि धौधौ परेको छ भने हातमुख जोर्ने समस्याले शरीरलाई 'हाडछाला' मात्र बनाएको छ । जुठी भोकभोकै बस्नुपर्ने अवस्था श्रम

नगरेर नभई श्रमको परिणतिमाथि उसको हक स्थापित नभएर सिर्जना भएको हो । उसले आजीवन श्रम गरेकी छ तर त्यसको कुनै मूल्य प्राप्त गरेकी छैन । यस कुरालाई कवितामा निम्न सन्दर्भमार्फत चित्रण गरिएको छ :

एउटा टाटीको स्याउले झुपडी
चिसो भुइँमा थाङ्ना तुन्दातुन्दै
पुस्ता बिते युग बिते
यो आयाम म भएर बित्ने छु
बाध्यताको उही परम्परा धानिरहेकी
म जुठी । (जुठी, २०७७, पृ. ५१)

उपर्युक्त कवितांशले श्रमको परिणाममाथि श्रम गर्नेहरूको अधिकार नभएको अवस्थाले नै श्रमिक वर्ग टाटीको स्याउले झुपडीमा आजीवन बस्न बाध्य हुनुपरेको हो भन्ने सन्दर्भलाई प्रस्तुत गरेको छ । यहाँ जुठीले आफू व्यक्ति नभएर श्रमिकवर्गीय उत्पीडनको परम्परा भएको चिन्तन व्यक्त गर्दै यसको आधार श्रमिकहरूको आर्थिक शोषण नै हो भन्ने चिन्तन व्यक्त गरेकी छ । कवितामा श्रमविभाजनमा आधारित जातविभाजनको परम्परा मानव मानवबिच विभेद गर्ने अवधारणामा आधारित भएकैले चिसो भुइँमा थाङ्ना तुन्ने काममा लगाइएका श्रमिक वर्ग परम्परादेखि नै अमानवीय श्रमशोषणमा परेका हुन् भन्ने चिन्तन व्यक्त भएको छ । यस चिन्तनलाई कविताका निम्न अंशले अझ स्पष्ट गरेका छन् :

मिर्मिरे उजयालो हुन नपाउँदै
चरचर चिरिएका खाली गोडा
विस्टका कपडा सिलाउन दौडिएकै हो
भरदिन काम गरेर कमाएको मानामुठी पिठो
कहिल्यै आजको कमाइ भोलिलाई साँच्न सकिएन
कहिल्यै बालबच्चाको नाङ्गो शरीर ढाक्न सकिएन
सत्ते होला म ढाँट्दिन
म जुठी । (जुठी, २०७७, पृ.५१)

निम्नवर्गमाथिको उत्पीडनको मुख्य आधार उनीहरूको श्रमशक्तिमाथिको नियन्त्रणमार्फत गरिएको आर्थिक शोषण नै हो । यहाँ समाजको उत्पीडनकारी अर्थव्यवस्थाले श्रमविभाजन गरी श्रमिक वर्गको श्रमशोषणलाई झनै व्यवस्थित र निर्मम बनाएको अवस्थालाई देखाइएको छ । यहाँ जुठीले आजीवन गरेको श्रमको उचित मूल्य प्राप्त गरेकी छैन । आजीवन श्रमको अविश्रान्त प्रक्रियामा खटाएर गाँस, बास र कपासका लागिसमेत सधैँभर तड्पिन बाध्य बनाउने व्यवस्था वर्गीय व्यवस्था नै देखिन्छ । यहाँ श्रमका बदलामा पीडा, अभाव र नाङ्गो शरीर र भोको पेट बस्ने अवस्था आर्थिक शोषणकै परिणाम हो जसलाई श्रमविभाजनमा आधारित उत्पीडनकारी व्यवस्थाले निर्माण गरेको हो । यहाँ

निम्नवर्गीय निम्नजातीय जुठी र उसको परिवारमाथि भएको दमन राज्यसत्ताद्वारा नै व्यवस्थित भएको हो भन्ने सन्दर्भ यसप्रकार प्रस्तुत भएको छ :

> ठुलो हजुर सानो हजुर
> सबैको कपडा सिउँदा सिउँदै
> रगत र पसिना सुकेपछि
> यति बेला
> आफ्नो जिन्दगी आफै टाल्नै नसक्ने
> सिउनै नसक्ने गरी बाह्र ठाउँ फाटेको छ (जुठी, २०७०, पृ.५२) ।

उपर्युक्त निम्नवर्गीय निम्नजातीय महिलामाथि गरिएको चरम दमन र उत्पीडनको अवस्था प्रस्तुत छ । कविताांशमा आएका ‘ठुलो हजुर’ र ‘सानो हजुर’ देशमा सामन्ती राजतन्त्रको अन्त्य भए सामन्तीतन्त्र भने नफेरिएको र त्यस स्थानमा नयाँ शासकहरूले सारमा उस्तै खालको शोषण गरिहेको अवस्थालाई सङ्केत गर्ने सशक्त विम्बहरू हुन् । यी विम्बले जनताको त्याग र समर्पणले गणतन्त्रको स्थापना गरेको भए पनि राजनीतिक दलका नेतृत्वमा बस्नेहरू भने नयाँ सामन्ती शासकका रूपमा उदाएको अवस्थालाई चित्रित गरेका छन् । यहाँ जुठीले तिनै शासकका लागि श्रम गरिरहनुपरेको तर त्यसको कुनै मूल्य प्राप्त नगरेको अवस्था प्रस्तुत छ ।

समग्रमा जुठीकविताले आर्थिक समस्यालाई आधारभूत समस्याका रूपमा चित्रण गरेको छ । यस कविताले श्रमविभाजनमार्फत गरिएको दलितहरूको श्रमशक्तिको शोषण र उनीहरूको आर्थिक अधिकारमाथिको नियन्त्रणलाई आधारभूत शोषणका रूपमा प्रस्तुत गरेको छ ।

**सामाजिक समस्या**

पुँजीवादी अर्थव्यवस्थाले सामाजिक हिंसा र अधीनस्थतालाई झनै व्यवस्थित गरेको हुन्छ । सामाजिक हिंसा, बलात्कार, अङ्गभङ्ग, हत्यालगायत यसै व्यवस्थाले सिर्जना गरेका सामाजिक समस्या नै हन् । हुनेहरूले नहुनेहरूलाई जुनसुकै तबरबाट शोषण गर्ने प्रवृत्तिकै परिणतिस्वरूप बलात्कार र बलात्कारजन्य उत्पीडनले विश्वव्यापी महामारीको रूप लिएको छ । वर्तमान विश्वपरिवेशमा बलात्कृत हुने महिला प्रायः निम्न वर्ग र निम्न जातकै देखिन्छन् । जुठी कवितामा दलितसमस्यालाई सामाजिक समस्याका रूपमा चित्रण गरिएको छ । वर्तमान पुँजीवादी वर्गसंरचनाले पुरुषलाई राजनीतिक तथा आर्थिक आवरणभित्र रहेर यौनिक शोषणका पात्र बन्नलाई प्रोत्साहन गर्दछ । पुँजीवादले विश्वव्यापी र चुनौतीका रूपमा आफ्नो आधिपत्य जमाएको वर्तमान अवस्थामा बलात्कार महामारीको रूपमा देखिएको छ (डेभिस, सन् १९८३, पृ.१८३) । बलात्कारका घटनाहरूको वृद्धि समाजमा रहेको वर्गीय संरचनाको स्वरूपसँग प्रत्यक्ष रूपमा गाँसिएको छ । परिवार तथा समाजमा महिलाले सम्मान नपाएको दृश्यले पुरुषमा सानैदेखि महिला कमजोर हुन् भन्ने मानसिकता विकास हुन्छ । परिवार समाज राज्यमा महिलाले सम्मान नपाउनु, हेलाको व्यवहार गर्नुजस्ता व्यवहारले

पुरुषमा महिलाप्रति गलत भावनाको विकास हुन गई पछि गएर बलात्कारमा सहभागी हुन पुग्छन् । बढ्दो आर्थिक शोषणको आन्तरिक रणनीतिको केन्द्रमा रहेर जातिवाद र यौनवादले अभूतपूर्व तरिकाले ढाडस प्राप्त गरेका छन् (डेभिस, सन् १९८३, पृ.१८३) । जुठी कविताले पनि सामाजिक हिंसा र अधीनस्थताजस्ता निर्मम, आततायी र अमानवीय शोषणलाई आर्थिक, सामाजिक सन्दर्भसापेक्ष रहेर विश्लेषण गरेको छ । जुठीकवितामा नेपाली दलित महिलाहरूले उत्पीडनको तेहोरो मार खप्न बाध्य भएको अवस्थालाई देखाइएको छ । जुठीकी छोरी बलात्कारमा परेकी छ र उसको हत्या पनि भएको छ । यस सन्दर्भमा कवितामा भनिएको छ :

चिन्नुभएन ?
हजुरको घरमा भकारो फाल्दाफाल्दै
बलात्कार भएर मारिएकी चम्पाकी आमा क्या
म जुठी । (जुठी, २०७०, पृ. ५२) ।

उपर्युक्त कवितांशमा चम्पाको हत्या गर्ने हजुर अर्थात् साहु हो । यहाँ त्यही साहुका अधीनमा रहेर भकरा सोहोरिरहेकी चम्पा बलात्कार हत्याको शिकार भएकी छ । यहाँ यस्तो जघन्य अपराधका विरुद्ध आवाज उठाउनु समाजकै दायित्व हो । तर समाज चुपचाप छ । केवल जुठीले मात्र त्यसका विरुद्ध आवाज छे तर यहाँ उसको आवाज सुनिदिने कोही देखिएको छैन । यहाँ त्यस अमानवीय कार्यका विरुद्ध र श्रमिक दलितहरूका पक्षमा आवाज उठाउन कोही तयार देखिएका छैनन् ।

जुठी कवितामा नेपाली समाजमा रहेको जातिवादी व्यवस्थालाई सामाजिक समस्याका रूपमा चित्रण गरिएको छ । दलितसमस्याको प्रमुख कारण आर्थिक नै हो र अन्य समस्या यसैले सिर्जना गरेको हो । वर्गीय समाजव्यवस्थामा राज्य उत्पीडनकारी व्यवस्थाकै रूपमा रहेको हुन्छ र यसले निहत्था जनताको हत्या गर्दछ भन्ने चिन्तनलाई कवितामा व्यक्त गरिएको छ । कवितामा यस हत्या सन्दर्भलाई निम्नानुसार देखाइएको छ :

गणतन्त्र आउँदा
पेटभरि खान पाइन्छ
आफ्नै घरमा बस्न पाइन्छ
भन्ने आशा सजाउँदै झुपडी बनायौँ
सानो हजुरले आगो सल्काएर खरानी बनाउनुभयो
निःशस्त्र मेरो सन्तानलाई ताकीताकी मार्नुभयो
उही डुढेझारीमा
सन्तान गुमाएकी पागल आमा म जुठी (जुठी, २०७०, पृ. ५३)

उपर्युक्त कविताांशमा गणतन्त्रको स्थापनापछि राज्यसँग गाँस, बासको माग गरेका कैलालीको डुँढेभ्कारीका सुकुम्बासी जनतामाथि राज्यले गरेको बलप्रयोग र हत्यामार्फत वर्गीय समाजको राज्यव्यवस्था जनतामाथि निर्मम हुने अवस्थालाई देखाइएको छ ।

## दलितमुक्तिको चेतना

दलितसाहित्य साहित्यमात्र नभएर मानवीय सङ्घर्षको स्वरूप हो । शोषणबाट मनुष्यको मुक्ति र छुवाछुतबाट दलितमुक्तिको विचार दलितसाहित्य मात्र नभएर सांस्कृतिक साहित्यिक आन्दोलनसमेत हो (चापागाईं, २०६८, पृ.५१) । दलितसाहित्य केवल दलितहरूको अधिकार एवं मूल्यहरूमा सीमित हुँदैन । यो सामाजिक सन्दर्भसँग गाँसिएको हुन्छ । यो सम्पूर्ण समाजको अस्मिता र मूल्यहरूको परिचय बन्न पुग्दछ । दलितसाहित्यले सामाजिक समानता र राजनीतिक सहभागिताका साथै आर्थिक समानताको पक्षलाई महत्त्वपूर्ण रूपमा उठाउँछ । आन्दोलन नै दलितसाहित्यको कलात्मकता हो ( लिम्बाले, सन् २००५, पृ. १३१) । दलितसाहित्य पूर्ण समानताका लागि गरिएको मुक्तिआन्दोलन हो । दलितसाहित्यको शब्दसौन्दर्य प्रहारमा हुन्छ, सम्मोहनमा होइन । दलितसाहित्यले समाज र साहित्यमा युगौँदेखि चलिआएका परम्परामाथि कठोरतापूर्वक प्रहार गर्दछ (चापागाईं, २०६८, पृ.५१) । यसले समता, स्वतन्त्रता, बन्धुता र सामाजिक न्यायको माग गर्दछ । यसले संस्कृति र धर्मका नाममा वास्तविकतालाई छोपेर राखेका ढोगहरूलाई अस्वीकृत गर्दछ । दलितसाहित्यको धारलाई समाजवादी दृष्टिकोणसँग जोड्नु अनिवार्य छ (आहुति, २०७७, पृ.११३) । वर्गमुक्तिको अभियान नै जातीय मुक्तिको आधार हो भन्ने चिन्तनमा आधारित भएर दालितसाहित्य सिर्जना गरिनुपर्छ ।

नेपाली समाजको वर्गीय शोषण जातीय र लैङ्गिक शोषणसँग एकीकृत भएर प्रकट भएको छ । यहाँ उत्पादनका स्रोत र साधनमाथिको नियन्त्रणका आधारमा गरिएको मानवीय श्रमशक्तिको शोषणबाट स्पष्ट रूपमा देखिने वर्गीय स्वरूपमा प्रकट भएको छ । यस समाजले बढी मात्रामा आर्यसभ्यता र हिन्दु धर्मसंस्कृति अँगाल्ने भएकाले यहाँ वर्गव्यवस्था लिङ्गव्यवस्था र वर्णव्यवस्थासँग अन्तर्सम्बन्धित रूपले व्यवस्थित भएको देखिन्छ । नेपाली समाजमा देखिएका लिङ्गव्यवस्था र जातव्यवस्था सामन्तवादी र पुँजीवादी उत्पादनप्रणालीलाई अझै दिगो र प्रभावकारी रूपमा व्यवस्थापन गर्न यिनै व्यवस्थाले निर्मित र विकसित हुन् । रूपमा हेर्दा पुँजीवादी उत्पादनप्रणालीले लिङ्गव्यवस्था र जातव्यवस्थालाई अस्वीकार गरे जस्तो देखिए तापनि सारमा यिनै व्यवस्थालाई झनै बढी व्यवस्थित तुल्याई निर्मम रूपमा जातीय र लिङ्गीय शोषण गरेको देखिन्छ (पारिजात, २०५४, पृ. ८) । मार्क्सवादी चिन्तक किरणले वर्गीय, जातीय, लिङ्गीय मुक्तिका सन्दर्भलाई अन्तर्संरचित रूपमा नलिएर पृथक् रूपमा बुझियो भने त्यसले वास्तविक मुक्तिका मर्मलाई समेट्न नसक्ने र मार्क्सवादीहरूले यी सबैलाई एकीकृत प्रक्रियाका रूपमा लिनुपर्ने धारणा यसप्रकार राखेका छन् :

साहित्य र कलाका क्षेत्रमा मार्क्सवादीहरूले वर्गीय, जातीय, लैङ्गिक लगायत सबैखाले उत्पीडनको विरोध र तिनको मुक्तिको पक्षपोषण गर्दै आएका छन् । लिङ्ग, वर्ण, जात र जातिका समस्या अन्ततः वर्गीय समस्या नै हुन् किनभने ती सबै जनसमुदायमा उत्पीडित वर्गकै अत्यधिक बाहुल्य छ

र त्यही उत्पीडित वर्गले नै वर्गका हैसियतले सबै उत्पीडित जनसुमदायमा सामान्यीकरणको भूमिका निर्वाह गर्दछ । तसर्थ, मार्क्सवादी लेखक, कलाकार, सौन्दर्यचिन्तक र समालोचकहरूले मजदुर किसानका साथै महिला, दलित र जनजातिलगायत सबै उत्पीडित वर्ग तथा जनसमुदायका भाव, अनुभूति तथा विचारलाई समेट्नुपर्दछ । (*मार्क्सवादी समालोचना,* पृ.१४)

वैद्यका उपर्युक्त विचारले वर्गीय संरचनामा आधारित समाजमा वर्गीय, जातीय, लैङ्गिकलगायत सबै खाले उत्पीडनको मुख्य आधार वर्गीय नै हुने र वर्गमुक्ति नै यी सबै खालका उत्पीडनबाट मुक्तिको आधार भएको मार्क्सवादी चिन्तनको पक्षपोषण गर्दछन् । जुठीकवितामा आर्थिक शोषण नै प्रमुख शोषण हो भन्ने चिन्तनलाई मुख्य रूपमा उठाइएको छ । यस कवितामा जातीय मुक्तिका लागि वर्गीय मुक्ति अनिवार्य छ भन्ने अन्तर्य प्रस्तुत छ । आफूहरूलाई आर्थिक शोषणका आधारमा नै जातीय, लिङ्गीयलगायत उत्पीडनमा पारिएको बोध भएपछि जुठीले त्यसका विरुद्ध यसप्रकार आवाज उठाएकी छ :

यत्रतत्र सर्वत्र
ठड्याएर भ्रमका पर्खालहरू
आफ्नो लक्ष्यसम्म पुग्न
मलाई नै बनाएर सिँढीहरू
मेरो शरीरभरी हेर्नुस् त
तपाइँले कुल्चिएका अपमानका निला डामहरू
जो प्रजातन्त्र र गणतन्त्रको
मलमले पनि निको नभएको घाइते
म जुठी (जुठी, २०७७, पृ. ५२) ।

उपर्युक्त कवितांशले वर्गीयलगायत जातीय, क्षेत्रीय, लैङ्गिक आदि मुक्तिका लागि सशस्त्र सङ्घर्षगरेको पार्टीले पनि निम्नवर्गीय दलितहरूको मुक्तिको विषयलाई सत्ताप्राप्तिको माध्यम मात्र बनाएको भन्दै यसप्रति विद्रोह प्रकट गरिएको छ । यहाँ श्रमिक, महिला, मजदुरलगायत जनताको बलिदानबाट प्रजातन्त्र र गणतन्त्रको स्थापना भए पनि उत्पीडितहरूको अवस्थामा भने कुनै परिवर्तन आएको छैन भन्ने विचार प्रस्तुत गरिएको छ । राजनीतिक दलका नेताले श्रमिक वर्गका दलित, महिलालगायतलाई सत्ताको भऱ्याङ चढ्ने माध्यममात्र बनाएको चिन्तन यहाँ व्यक्त भएको छ । वर्तमानसम्म सत्तामा पुगेका सबै शक्तिले महिलालाई केवल सत्ताप्राप्तिका लागि प्रयोग मात्र गरेको र त्यो प्राप्त गरेपछि हरतरहले शोषण गरेको यथार्थले वर्तमानमा गणतन्त्र आए पनि वर्गीय संरचना भने उस्तै रहेको यथार्थ प्रकट भएको छ । यहाँ जुठीले यस व्यवस्थाबाट पनि उत्पीडितहरूको मुक्ति सम्भव छैन भन्ने बोध गरेर नयाँ समाजको लागि आवाज उठाएकी छ । यहाँ विषयवस्तु र पात्रका माध्यमबाट दलित वर्गकै जागरुकता र साङ्गठनिक एकताबाट जातीय शोषणको अन्त्य गर्न सकिन्छ र दलित वर्गको जित सुनिश्चित गर्न सकिन्छ भन्ने भाव व्यक्त भएको छ । यहाँ दलितसमस्यालाई

समस्याका रूपमा मात्र नउठाएर मुक्तिको चेतनासम्म विस्तार गरिएको छ । साहुका घरमा दिनरात काम गर्दा पनि खान नपाउनु, साहुका घरमा नोकर बस्न बाध्य हुनु, त्यहाँ अत्यधिक पीडित तुल्याइनु, श्रमको चरम शोषण गरिनु, विभिन्न यातना दिइनु, माकिका घरमा काम गर्दागर्दै छोरी चम्पाको बलात्कार र हत्या हुनु, अधिकारका लागि आवाज उठाउँदा छोराको हत्या गरिनुजस्ता शोषण, दमन र उत्पीडनका अवस्थाले निम्नवर्गीय दलित पात्र जुठीमा प्रतिरोधी चेतनाको विकास भएको छ । उसको सङ्घर्षको चेतना कवितामा यसप्रकार व्यक्त भएको छ :

हाड मासु र रगत
तपाईंलाई चढाउँदाचढाउँदै
कङ्गाल बनेको
व्यवस्था नै पिच्छे पहिचान गुमेको एक मुठी सास
भोकजस्तो अनाम युद्ध लड्दालड्दै खप्पिस
त्यही रगत र पसिनाको क्षतिपूर्ति लिन
तपाईंको सामु उभिएकी
म जुठी २०७०, पृ. ५३) ।

उपर्युक्त कवितांशमा दलितउत्पीडनका लागि वर्गीय समाजका अव्यवस्था र विभेदका लागि सामन्तवादी पुँजीवादी अर्थव्यवस्था र तीद्वारा सिर्जित वर्गसंरचनालाई जिम्मेवार मानिएको छ । यहाँ उसका दलितमाथिको शोषण उच्च वर्गद्वारा निम्न वर्गमाथि गरिएको शोषण हो भन्ने उसलाई थाह छ । मुख्य रूपमा आर्थिक आधारमा परिवर्तन नभई त्यसमाथि खडा भएका दर्शन, राजनीति कानुनलगायतका अधिरचना फेरिँदैनन् भन्ने ऐतिहासिक भौतिकवादी मान्यताका आधारमा प्रस्ट हुन्छ । दक्षिण एसियाको दलित समुदायको समस्या यहाँको सामन्ती र अर्धसामन्ती उत्पादनसम्बन्धलाई परिवर्तन नगरी दलितलाई जमिन, आर्थिक उत्पादनका अन्य स्रोत र सम्भावनाको मालिक नबनाई दलित समुदायको मुक्ति सम्भव छैन (आहुति, २०७१, पृ. ११३) । कवितामा पनि वर्गीय व्यवस्थाले निर्माण गरेका सांस्कृतिक व्यवस्थाले उनीहरूको श्रमशोषण गरी जीविकोपार्जनमा समेत समस्या आएको बोध जुठीलाई छ । यसले उसलाई आक्रोशित तुल्याएको छ । श्रम गर्नेले त्यसको उचित मूल्य पाउनुपर्छ भन्ने चिन्तनप्रति ऊ प्रतिबद्ध देखिएकी छ । यहाँ निम्नवर्गकै पसिनाबाट बिलासी जीवन बिताउने र उनीहरूमाथि नै उल्टै चरम शोषण गर्ने व्यवस्थाविरुद्ध उसले आवाज उठाएकी छ । कवितामा नारीपात्रद्वारा परिश्रमीहरूलाई पसिनाको उचित मूल्य दिलाउने दायित्वबाट राज्यसत्ता पछाडि हटेकाले नै निम्नवर्गले गाँस, बास र कपासका न्यूनतम अधिकारबाट वञ्चित हुनु परेको हो भन्ने चिन्तन प्रकट गरिएको छ । यहाँ उसमा रहेको राज्यसत्ताद्वारा निम्नवर्गमाथि गरिएका पक्षपातविरुद्ध आवाज उठाउने चेतनाले उसको वर्गसङ्घर्षप्रति प्रतिबद्ध राजनीतिक चेतनालाई प्रतिविम्बन गरेको छ ।

## निष्कर्ष

'जुठी' दलितसन्दर्भलाई मुख्य विषय बनाएको र उनीहरूका समस्यालाई अगाडि सारिएको कविता हो । यस कवितामा सामन्तवादी र वर्तमानमा पुँजीवादी विभेदकारी व्यवस्थाका कारण शोषण, दमन र उत्पीडनमा पारिएका दलितहरूको समस्यालाई प्रस्तुत गरिएको छ । इतिहासको लामो शृङ्खलामा सदैव दलनमा पारिएका दलितहरूको विद्रोह, प्रतिरोध र सङ्घर्षनै दलितमुक्तिको आधार हो भन्ने चिन्तन कवितामा प्रस्तुत भएको छ । समता र समन्यायको आकाङ्क्षा नै यसको सौन्दर्य हो । सङ्घर्षबाट नै दलितमुक्ति सम्भव ठान्ने मान्यता प्रस्तुत गरेकाले यसले प्रतिरोध र सङ्घर्षलाई सुन्दर ठानेको छ । विद्रोह र प्रतिरोधी चिन्तनको अभिव्यक्ति नै यसको कलात्मकता हो । यस कवितामा दलितसमस्यालाई वर्गीय समस्याका रूपमा चित्रण गर्दै वर्गीय मुक्तिसँगै जातीय मुक्ति पनि सम्भव हुन्छ भन्ने चेतना व्यक्त भएको छ । दलितहरूमाथिका जातीय, लिङ्गीय, भाषिक, राजनीतिकलगायत सबै प्रकारका शोषणको मूल कारण आर्थिक शोषण हो भने सामाजिक सांस्कृतिक शोषण यसैद्वारा अधिसंरचित शोषण हुन् भन्ने धारणा यहाँ व्यक्त भएको छ । जुठी कवितामा दलित समस्यालाई वा वर्गीय समस्याका रूपमा चित्रण गरिएको छ । यस कविताले समाजको आर्थिक उत्पादनका ढाँचामा र उत्पादनका साधनहरूका सम्बन्धमा परिवर्तन नभएसम्म सामाजिक सांस्कृतिक परिवर्तन हुँदैन भन्ने मार्क्सवादी चिन्तनलाई आधार बनाएको छ । कवितामा उपल्लो वर्गको शोषणको एउटा जाल वा माध्यम जातीय व्यवस्था हो भन्ने चिन्तनको अभिव्यक्ति भएको छ । यस कवितामा जातीय शोषणको मूल आधार सामन्तवादी उत्पादनव्यवस्थाद्वारा गरिएको शोषणलाई देखाइएको छ । सामन्तवादले नै धार्मिक मूल्य मान्यता र रीतिरिवाजको स्थापना गरेको र यो वर्गीय शोषणलाई झन् निर्मम बनाउन निर्माण गरिएको व्यवस्था हो भन्ने चिन्तन कवितामा प्रस्तुत छ । 'जुठी' कवितामा उपन्यासमा सांस्कृतिक उत्पीडनको कारण पनि आर्थिक उत्पीडन नै हो भन्ने चिन्तन व्यक्त भएको छ । यस कवितामा बलात्कार गरेर हत्या गरिएकी चम्पामाथिको उत्पीडन पनि आर्थिक आधारमा नै भएको देखिन्छ । यहाँ निम्नवर्गीय दलित महिला भएकै कारण चम्पा यस जघन्य अपराधको सिकार भएकी हो । यस कविताले दलितमुक्तिको प्रश्नलाई वर्गीय मुक्तिको प्रश्नसँग एकाकार गराउँदै उत्पादनका साधनहरूलाई आफ्नो अधीनमा पारेर बहुसङ्ख्यक गरिबमाथि आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा शोषण गर्ने सामन्ती वर्गको अन्त्य नै दलितमुक्तिको आधार हो भन्ने चेतना प्रस्तुत गरेको छ । यस कविताले वर्गमुक्तिबाट नै सामाजिक सांस्कृतिक पक्षमा रूपान्तरण आउन सक्छ भन्ने चिन्तन प्रस्तुत गरेको छ । यस कवितामा पनि हिन्दुवर्णव्यवस्थाले सिर्जना गरेको मानवको तहगत श्रेणीविभाजनलाई दलितसमस्याका रूपमा चित्रण गरिएको छ र समाजवादी व्यवस्थामा मात्र समन्याय स्थापित हुन सक्छ भन्ने विश्वास व्यक्त गरिएको छ । यहाँ वर्णवादी व्यवस्थाको निर्माण सामन्तवादी उत्पादनपद्धतिले गरेकाले यसको अन्त्य भएमा मात्र सांस्कृतिक परिवर्तन हुन सक्छ भन्ने दृष्टिकोण प्रस्तुत छ । कवितामा मार्क्सवादी विश्वदृष्टिकोणसापेक्ष रहेर नेपाली समाजमा विद्यमान जातीय समस्याको अन्त्य र समतामूलक सामाजिक स्वरूप निर्माण गर्ने उद्देश्य राखिएको छ ।

## सन्दर्भ सामग्रीसूची


अर्याल अधिकारी, रम्भा (२०७९), नेपालमा दलित समुदायका समस्या र साहित्यमा दलितदृष्टि, *हैमप्रभा* (२१), पृ. १९६-२०४ ।

अहमद, एकरार (सन् २००८), *समकालीन हिन्दी साहित्य में दलित मुक्ति सङ्घर्ष (१९८५ से अब तक),* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), अलिगढ मुस्लिम विश्वविद्यालय, भारत ।

आहुति (२०७१), *नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष,* समता फाउन्डेसन ।

आहुति (२०७७), *जात वार्ता,* बेला पब्लिकेसन्स ।

चापागाईं, निनु (२०६८), *दलित सौन्दर्यशास्त्र र साहित्य,* साझा प्रकाशन ।

चैतन्य (२०६७), *मार्क्सवादी समालोचना,* शमी साहित्य प्रतिष्ठान ।

पाण्डेय, मैनेजर (सन् १९९८), *युद्धरत आम आदमी, दलित चेतना,* नवलेखन प्रकाशन ।

परियार, पञ्चकुमारी (२०७०), *जुठी,* साझा प्रकाशन ।

पारिजात (२०५४) *पारिजातका संकलित रचनाहरू, ग्रन्थ ५,* पवन चाम्लिङद्वारा सम्पादित, निर्माण प्रकाशन ।

धर्मवीर (सन् १९९०), *दलितसाहित्य,* वाणी प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* भृकुटी पब्लिकेसन्स ।

महर्जन, राजेन्द्र (२०७०), *दलित सौन्दर्यबोध* (सम्पा.), समता फउन्डेसन ।

मिश्र, चैतन्य (२०७१), दलित समस्या, राजनीति र अर्थतन्त्र (भूमिका), *नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष,* समता फाउन्डेसन ।

लामा, कविता (सन् २०१७), *कविता डिस्कोर्स,* माया प्रकाशन ।

लिम्बाले, शरणकुमार (सन् २००५), *दलित साहित्यका सौन्दर्यशास्त्र,* वाणी प्रकाशन ।

वाल्मीकि, ओमप्रकाश (सन् २००४), *दलित हस्तक्षेप* (सम्पा.), समता प्रकाशन ।

वाल्मीकि, ओमप्रकाश (सन् २०२३), *दलित साहित्यका सौन्दर्यशास्त्र,* राधाकृष्ण प्रकाशन प्रा. लि. ।

श्रेष्ठ, चन्द्रमान (२०८१), आफर कवितासङ्ग्रहमा दलित चेतना, *सरस्वती सदन* (९-१०), DOI : https://doi.org/10.3126/ss.v10i1-2.68617 , पृ. ५१-६४ ।

Davis, Y. Angala (1983). *Women, race and class,* Vintage books edition, (Original Book Published 1981).